नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १२१ २०७७ साल मंसिर २३ गते मंगलबार (8 Dec. 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल इयूको कालो ... ३ पृष्ठमा : दुई वर्षमा हुलाकी ... ३ पृष्ठमा : चिनियाँ खोप निर्मातालाई ...

# प्रदेश २ मा बाल विवाहका घटना बढ्दो : प्रतिवेदन



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

प्रदेश २ मा बालविवाह बढ्दै गएकोप्रति सोमबार राजविराजमा आयोजित एक कार्यक्रममा चिन्ता व्यक्त गरिएको छ ।

साथसाथ सिकाई समूहको आयोजना, शान्तिका लागि साझ अभियान (कोक्याप) र सेकडिहरुफको समन्वय तथा नेपाल मोनिटरको सहयोगमा सोमबार राजविराजमा आयोजित कार्यक्रममा सहभागिहरुले चिन्ता व्यक्त गरेका हुन् ।

कार्यक्रममा कोक्यापकी कार्यक्रम अधिकृत अम्बिका पौडेलद्वारा प्रस्तुत प्रतिवेदनमा प्रदेश २ मा सबैभन्दा बढी बालविवाहको घटना भएको उल्लेख छ ।

प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७६/७७ मा देशभर प्रहरीमा उजुरी दर्ता भएका बालविवाहका ६४ घटना छन् । जसमध्ये सर्वाधिक प्रदेश २ का १३ तथा लुम्बिनी प्रदेशमा ११, बागमति र कर्णालीमा ९/९, प्रदेश १ मा ७ तथा गण्डकी र सुदुरपश्चिम प्रदेशमा ५/५ वटा बालविवाह घटनाको उजुरी दर्ता भएका छन् ।

सोही कार्यक्रमका सहभागिले बालविवाह नगराउने सामूहिक प्रतिबद्धता समेत जनाएका छन् । बालविवाह रोकथाममा नागरिकको भूमिका विषयक सो अन्तरसम्वादका प्रमुख अतिथि प्रदेश सभासदस्य गोबिन्द न्यौपानेले बालविवाह गर्दा र गराउँदा आर्थिक, मानसिक, सामाजिक, शारिरीक समस्या समेत हुने बताउँदै आफूले कानुनले तोकेको उमेर मूनीका केटाकेटीको विवाह नगराउने र अरुलाई पनि रोक्ने प्रतिबद्धता जनाए ।

कोक्यापकी राष्ट्रिय उपाध्यक्ष आभासेतु सिंहले उच्च शिक्षा नलिएसम्म र उमेर नपुसम्म छोरीको विवाह गर्नु कानुन अपराध र छोरीसँग अन्याय हुने बताउँदै कतै बालविवाह भइरहेको जानकारी आए तुरुन्त सम्बन्धीत निकायमा खबर गर्न आग्रह गरिन् ।

बिन्दा पासवानको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, सेकडिहरुफका अध्यक्ष एवं अधिकारकर्मी जंगबहादुर सिंहलगायतले बालविवाह रोक्न सबैको सामूहिक प्रयासको खाँचो रहेको बताउँदै कतै बालविवाहको वकालत नगर्ने प्रतिबद्धता जनाए ।

# राविनपाका सवइन्जिनियरसहित ६ जनाबिरुद्ध बिशेष अदालतमा मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजविराज नगरपालिका क्षेत्र भित्र वृक्षारोपण गर्न छुट्याएको रकम हिनामिना भएको भन्दै नगरपालिकाका सबइन्जिनियरसहित ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सडकको दायाँबायाँ वृक्षारोपण गर्नको लागि निकासा भएको रकमबाट केही स्थानमा मात्र वृक्षारोपण गरी बाँकी रकम नगरपालिकाका तत्कालिन कार्यकारी अधिकृतसमेतको मिलेमतोमा हिनामिना भएको भन्ने उजुरीको आधारमा अख्तियारले अनुसन्धान गरेको थियो । अख्तियारले तत्कालिन कार्यकारी अधिकृतको नाम उल्लेख नगरेपनि श्रोतका अनुसार सो समयमा राजविराज नगरपालिकाका अधिकृतको रुपमा विष्णु गुरुङ रहेका थिए ।

नगर भित्र सडकको दायाँबायाँ वृक्षारोपण गर्नको लागि निकासा भएको रकमबाट केही स्थानमा मात्र वृक्षारोपण गरी बाँकी रकम हिनामिना गरेको भन्दै नगरपालिकाका सबइन्जिनियर सत्यजीवकुमार सिंह, तत्कालीन अनुगमन तथा मूल्याङ्कन अधिकृत शीतल रिमाल र सूचना तिमल्सिना, आरके इन्जिनियरिङ्ग कन्सल्टेन्टका प्रोप्राइटर टुनालाल कर्ण, सेभ द नेपाल राजविराजका अध्यक्ष घनश्याम झा र कोषाध्यक्ष ललितनारायण झाबिरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

सबइन्जिनियर सिंहले वृक्षारोपण कार्यको अन्तिम मूल्याङ्कनमा निर्माणस्थलमा भएको भन्दा बढी परिमाणको कार्य उल्लेख गरी तथा प्रयोग भएको तारजालीको पनि निर्धारित गुणस्तरयुक्त तथा मापदण्ड बमोजिम नभएकोलाई भएको भनी भुक्तानीको लागि सिफारिस गरेकोले उनीविरुद्ध १७ लाख ७५ हजार बिगो मागदाबी गरि विशेष अदालतमा मुद्दा दायर गरिएको छ ।

यस्तै मूल्याङ्कन अधिकृत रिमालविरुद्ध ७ लाख ८६ हजार, मूल्याङ्कन अधिकृत सूचना तिमल्सिना विरुद्ध ९ लाख ८९ हजार, प्रोपाइटर कर्णविरुद्ध ७ लाख ८६ हजार, सेभ द नेपाल, राजविराज र तारजालीसहित वृक्षारोपण कार्यक्रम उपभेक्ता समिति, राजविराजका अध्यक्ष झाविरुद्ध १७ लाख ७५ हजार र कोषाध्यक्ष झाविरुद्ध ७ लाख ८६ हजार बिगो मागदाबी गरी विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।




# जग्गा विवादमा कुटाकुट हुँदा दुई महिला घाइते, एक अर्कामाथी बोक्सीको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा सोमबार जग्गा सम्बन्धी दुई पक्षबीच भएको विवादमा कुटाकुट हुँदा दुई महिला घाइते भएका छन् ।

उक्त नगरपालिका वडा नं. १ निवासी सुमिन्द्रादेवी राम र सन्तोलियादेवी साहबीच जग्गा सम्बन्धी विवाद हुँदा एक अर्काको कुटाईबाट ती दुबै महिला घाइते भएकी हुन् ।

घाइते रामको रुपनी गाउँपालिकास्थित युनिक अस्पतालमा र साहको बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

दुबै घाइते महिलाले एक अर्कामाथी बोक्सीको आरोप लगाउँदै कुटपिट गरिएको जनाएको छ । तर, प्रहरीले बोक्सीको आरोपमा कुटपिट भएको दाबी र हल्ला दुबै निराधार रहेको स्पष्ट पारेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता समेत रहेका डिएसपी भुवनेश्वर साहले दुबै महिलाको परिवारबीच लामो समयदेखी गाउँकै एक जग्गाको विषयलाई लिएर विवाद रहँदै आएको जानकारी दिएका छन् ।

सोही विषयमा पटक पटक दुबै पक्षबीच झै झगडा हुँदै आएकोमा निकासका लागि स्थानिय समाज र प्रहरी चौकीमा समेत पंचायति बसी निकासको प्रयास गरिएको उनले बताए । तर, विवादित जग्गा बारे दुबै पक्षको आ-आफ्नै अडानका कारण निकास निस्किन नसकेको उनको भनाइ छ । यद्यपी पछिल्लो घटना बारे २ स्प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको उनले बताए ।

# नेपाल इयूको कालो सूचीबाट छिट्टै हट्दै

काठमाडौँ, २२ मङ्सिर (रासस)।

हवाई सुरक्षा प्रणालीमा बहुआयामिक सुधारका कारण नेपाल छिट्टै युरोपेली सङ्घ (इयू) को कालोसूचीबाट हट्ने देखिएको छ। उडान सुरक्षामा आधुनिक सुरक्षा प्रणालीको अवलम्बन, प्रभावकारी नियमन तथा क्षमतावृद्धिलगायत कारणले नेपालको उड्डयन क्षेत्रमा गरिएको सुधारको प्रशंसा गर्दै इयूले नेपाललाई सुरक्षा सूचीबाट हटाउने सङ्केत गरेको हो। अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) स्थापना दिवसका अवसरमा आइतबार विज्ञप्ति जारी गर्दै इयूले नेपालको पछिल्लो समयको सुधारलाई प्रशंसा गरेको छ। यसबाट नेपालमाथि उडान प्रतिबन्ध फुकुवा हुने सङ्केत मिलेको छ।

इयूको चासोअनुरुप नेपाल सरकारले हवाई सुरक्षामा देखिएको चुनौती समाधान गर्न देखाएको प्रतिबद्धता, नेपालको उड्डयन क्षेत्रले सुरक्षामा उल्लेख्य प्रगति तथा नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) विभाजनसम्बन्धी विधेयक संसद्मा पारित हुने प्रक्रियामा रहेकाले पनि सकारात्मक प्रगति हुने अपेक्षा गरिएको छ। "नयाँ हवाई उड्डयन विधेयक संसद्मा दर्ता गराएको सहित नेपालले गरेका सुधारका विषयमा इयू जानकार छ", विज्ञप्तिमा उल्लेख छ। नेपालको यस्तो प्रयासले सुरक्षा सूचीबाट हटाउने प्रक्रिया शुरु गर्न सहज हुने इयूले उल्लेख गरेको छ। खासगरी संसद्मा दर्ता भएको विधेयकले सुरक्षा सूचीबाट हटाउन लागू हुने तीन मापदण्ड कार्यान्वयनमा लैजान सकिने पनि इयूले स्पष्ट पारेको छ।

त्यसैगरी हवाई सुरक्षाको प्रभावकारी कार्यान्वयन भए नभएको जानकारी लिन महानिर्देशकसहितको टोलीले नेपालमा भ्रमण गर्ने र नियोगले तयार गरेको प्रस्तावका आधारमा युनियनको हवाई सुरक्षा समितिले सुरक्षा सूचीबाट हटाउन सकिने प्रक्रिया पूरा हुनेछ। नेपालले हवाई सुरक्षाको समग्र क्षेत्रमा अन्तरराष्ट्रियस्तरदर राम्रो रहेका सन्दर्भमा इयूको विज्ञप्तिले नेपाल छिट्टै सुरक्षासूचीबाट हट्ने विश्वास बढेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताउनुभयो। "इयूको विज्ञप्ति सकारात्मक छ, ओभरअल सेफ्टीमा हाम्रो उपलब्धि राम्रो छ, नेपालले आफ्नातर्फबाट आवश्यक तयारी गर्नुपर्छ", उहाँले भन्नुभयो।

नेपालको हवाई सेवामा प्रश्न उठाउँदै इयूले सात वर्षअघि अर्थात् सन् २०१३ डिसेम्बर ५ तारिखदेखि सुरक्षण सूचीमा राखेको थियो। सोही कारण नेपाली हवाई सेवा प्रदायकलाई उडानमा प्रतिबन्ध लगाइएको थियो। यसअघि सन् २०१७ आइकाओले नेपाली जहाजलाई चार वर्षदेखि लगाउँदै आएको गम्भीर सुरक्षा चासो सूचीबाट हटाएको थियो।

क्यानले यही मङ्सिर १२ गते प्रकाशन गरेको 'एभिएशन सेफ्टी रिपोर्ट-२०२०' ले नेपालमा हवाई दुर्घटना दर घटेको देखाएको थियो। उडान सुरक्षामा आधुनिक सुरक्षा प्रणालीको उपयोग तथा जनशक्तिको क्षमता अभिवृद्धिलगायत कारणले नेपालको हवाई दुर्घटनादर घटेको र यसबाट हुने मृत्युदर पनि घटेको प्रतिवेदनमा उल्लेख छ।

पछिल्लो १० वर्षका अवधिमा नेपालको हवाई उड्डयन सुरक्षास्तर दरमा प्रगति हुनाले पनि यसको पुष्टि गर्छ। प्राधिकरणले सार्वजनिक गरेको सन् २०१९ को एभिएशन सेफ्टी रिपोर्टमा नेपालको हवाई क्षेत्रमा जहाजतर्फ एक दुर्घटना र तीनको मृत्यु भएको छ। सन् २०१० मा दुई दुर्घटनामा ३६ को मृत्यु भएको थियो।

त्यस्तै हेलिकोप्टरतर्फ सन् २०१९ दुई दुर्घटनामा सात जनाको मृत्यु भएको छ। क्यानका अनुसार नेपालको उडान सुरक्षादर आइकाओले निर्धारण गरेको ६० प्रतिशतभन्दा माथि नेपालले करीब ६७ प्रतिशत प्रगति गरेको छ। एशिया प्रशान्त क्षेत्रका मुलुकको हवाई सुरक्षादर ६४ प्रतिशत रहेको जनाइएको छ।

आइकाओको ग्लोबल एभिएशन सेफ्टी प्लानको ६० प्रतिशतभन्दा माथि नेपालको प्रगति रहेको र सो स्तरदरलाई ७५ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ काम गर्नुपर्ने क्यानले उल्लेख गरेको छ।

आइकाओ दिवसका अवसरमा सोमबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आयोजित झण्डोत्तोलन कार्यक्रममा नागरिक उड्डयमन्त्री योगेशकुमार भट्टराईले इयूले नेपालको हवाई उड्डयनलाई कालो सूचीबाट हटाउने सङ्केत दिएकामा खुशी व्यक्त गर्दै उसले जारी गरेको वक्तय स्वागतयोग्य भएको बताउनुभयो।

पछिल्लो समय नेपालले नागरिक उड्डयन क्षेत्रमा सङ्गठनात्मक पुनःसंरचना गर्नका लागि विधेयक तयार गरी सङ्घीय संसद्मा छलफल गरिरहेको र संसद्बाट ऐन पारित भएपछि इयूले उठाएका अधिकांश चासो सम्बोधन हुने मन्त्री भट्टराईले स्पष्ट पार्नुभयो। नेपालले नागरिक उड्डयन क्षेत्रमा गरेको सुधारका कारण दुर्घटनासमेत कम हुँदै गएका अवस्थामा युरोपेली सङ्घले सकारात्मक वक्तव्य जारी गर्नाले उत्साहित बनाएको पनि उहाँले बताउनुभयो।

क्यानका उपमहानिर्देशक राजकुमार क्षेत्रीले इयूको विज्ञप्तिअनुसार नेपालमाथि लगाएको उडान प्रतिबन्ध चाँडै हट्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "इयूको विज्ञप्तिमा नेपाललाई कालोसूचीबाट हटाउने सङ्केत देखिन्छ, यसले हामीलाई उत्साहित बनाएको छ। नेपालले हवाई क्षेत्रमा गरेका सुधारको कागजात पठाएकै आधारमा इयूले प्रसंशा गरेको छ, यसबाट पनि प्रष्ट हुन्छ इयू मानसिक रुपमा तयार भइसकेको छ, अब प्राविधिक प्रक्रिया पूरा गरेर छिट्टै नेपाललाई सुरक्षा सूचीबाट हटाउनेछ।"

विमानस्थलका निमित्त महाप्रबन्धक देवचन्द्रलाल कर्णले पनि आइकाओको पाँच विषयवस्तुलाई आत्मसात् गर्दै निरन्तरताको प्रयासबाट नेपालले उल्लेख्य प्रगति गरेको तथा आइकाओ दिवसकै सन्दर्भमा इयूले नेपालमाथि लगाएको उडान प्रतिबन्ध खुला गर्ने सङ्केत दिने गरी जारी गरेको विज्ञप्तिबाट नेपाल इयुको सुरक्षा सूचीबाट चाँडै हट्ने विश्वास व्यक्त गर्नुभयो।

क्यानका अनुसार कोभिड सङ्क्रमण कम हुनासाथ इयूको प्रतिनिधिमण्डलले नेपालको हवाई उड्डयन क्षेत्रको प्राविधिक मूल्याङ्कनपछि नेपाललाई सुरक्षा सूचीबाट हटाउने छ।

**आइकाओ दिवसमा झण्डोत्तोलन**

डिसेम्बर ७ अर्थात् अन्तरराष्ट्रिय नागरिक उड्डयन (आइकाओ) दिवस सोमबार नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदै छ। छयत्तरौं आइकाओ दिवसका अवसरमा सोमबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा झण्डोत्तोलन

*बाँकी तीन पृष्ठमा*

## कोभिड-१९ को बहानामा अतिरिक्त शुल्क लिनेलाई कारवाही गरिने

काठमाडौँ, २२ मङ्सिर (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को बहानामा बिरामीसँग अतिरिक्त शुल्क नलिन निर्देशन दिएको छ। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले केही निजी अस्पतालले कोभिड-१९ को बहानामा बिरामीबाट अतिरिक्त शुल्क लिने गरेको पाइएकाले त्यस्तो अतिरिक्त शुल्क नलिन निर्देशन दिनुभएको हो। उहाँले बिरामीसँग अतिरिक्त शुल्क लिएको पाइएमा त्यस्ता अस्पताललाई कानूनअनुसार कारवाही गरिनेसमेत बताउनुभयो।

"कोभिड-१९ को सन्र्दभमा केही निजी अस्पतालले सबै किसिमका सेवामा कोभिड-१९ को बहानामा अतिरिक्त शुल्क जोडेर लिने गरेको गुनासो पाइएकोप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ", उहाँले सूचना जारी गर्दै भन्नुभएको छ, "कोभिड-१९ को सङ्क्रमणको समस्याले सबैलाई परेको यस्तो कठिन समयमा समेत केही निजी अस्पतालले बहिरङ्ग सेवालगायतका सबै किसिमका सेवामा केही प्रतिशत खर्च जोडेर शुल्क लिने काम नगर्न/नगराउन अनुरोध छ।"

## रौतहट घटनाका अर्का प्रतिवादी पक्राउ

रौतहट, २२ मङ्सिर (रासस)।

विसं २०६४ को संविधानसभा चुनावलाई लक्ष्य गरी साविक राजपुर फदरहवा गाविस- ४ मा भएको बम विस्फोटको घटनामा संलग्न भएको आरोपमा सोमबार सोही स्थान निवासी महनाव आलमलाई प्रदेश नं २ को प्रदेश प्रहरी कार्यालयबाट खटिएको टोलीले पक्राउ गरेको छ। आलमलाई नेपाल-भारत सिमानामा पर्ने बोधिमाई नगरपालिका-७ बाट पक्राउ गरी प्रारम्भिक अनुसन्धान थालिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कृष्ण प्रसाईंले जानकारी दिनुभयो

पूर्वमन्त्री मोहम्मद आफ्ताव आलमको निर्देशनमा उक्त विष्फोटको घटना लुकाउने उद्देश्यले विस्फोटमा मृत्यु र घाइते भएकालाई ट्र्याक्टरमा राखी इँटाभट्टामा जलाइएको स्वीकार गरेको खुल्न आएकाले महनावलाई पक्राउ गरिएको प्रदेश प्रहरीले जनाएको छ।

आफ्ताव आलमका भाइ महनावविरुद्ध २०६४ चैत २८ गते भएको संविधानसभाको चुनावलाई लक्ष्य गरी चैत २७ गते उक्त स्थानको गोठघरमा प्रतिवादीले विस्फोटक पदार्थ भण्डारण गरी बम बनाउने क्रममा विस्फोट हुँदा नारायणसिंह राजपुतका छोरा त्रिलोकप्रतापसहित १४ जनाको मृत्यु भएको थियो। पूर्वमन्त्री आफ्ताव आलम हाल हिरासतमा हुनुहुन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# दुई वर्षमा हुलाकी राजमार्ग सञ्चालनमा आउने

विराटनगर, २२ मङ्सिर (रासस)।

सप्तरीदेखि झापाको भद्रपुरसम्म निर्माण भइरहेको हुलाकी राजमार्ग आगामी दुई वर्षभित्रमा सञ्चालनमा आउने भएको छ । तीन सय ४३ किलोमिटर लामो हुलाकी राजमार्गको करिब ४८ प्रतिशत काम सम्पन्न भएको हुलाकी राजमार्ग आयोजनाले जनाएको छ ।

हुलाकी सडकको कामबारे आइतबार प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले आयोजना प्रमुख दीपेन्द्र पाण्डेसँग जानकारी लिनुभएको छ । प्रमुख पाण्डेले करिब ४८ प्रतिशत काम सम्पन्न भएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा पुलको काम सम्पन्न गर्ने र दुई वर्षभित्रमा सडकको काम सम्पन्न गरिने प्रमुख पाण्डले जानकारी गराउनुभयो । उहाँले मन्त्री घिमिरेलाई झापाका आठ वटा पुल र मोरङको रतुवामाईमा रहेको पुलका लागि बोलपत्र आह्वानको काम भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "रङ्गेली र विराटनगरमा सडकमा केही समस्या छ ।" रङ्गेलीको केही स्थानमा निर्माणको डिजाइनअनुसार नभएको र विराटनगरमा कोशी राजमार्ग पूर्वपश्चिम जोड्नका लागि समस्या भएको प्रमुख पाण्डेको भनाइ छ । हुलाकी राजमार्गमा कुन सडकबाट जोड्नेबारे समस्या भएको उहाँले बताउनुभयो । उहाँका अनुसार विराटनगरमा छ किलोमिटर सडकमा समस्या भएकाले बोलपत्रको काम हुन सकेको छैन ।

सामाजिक विकासमन्त्री घिमिरेले आगामी दुई वर्षभित्रमा राजमार्ग सञ्चालन गर्ने गरी काम गर्न आयोजना प्रमुखलाई निर्देशन दिनुभयो । उहाँले सडक निर्माणमा भएका समस्याबारे प्रदेश सरकारले पनि पहल गर्ने भन्दै हुलाकी सडकको चर्चा धेरै भए पनि काम नदेखिएको मन्त्री घिमिरेले चिन्ता व्यक्त गर्नुभयो ।

मन्त्री घिमिरेले डिभिजन सडक कार्यालयका प्रमुख पशुपति ज्ञवालीसँग पनि मोरङ र सुनसरीका पुलको अवस्थाका बारेमा पनि जानकारी लिनुभएको छ । प्रमुख ज्ञवालीले चालु आर्थिक वर्षभित्रमा करिब १० वटा पुल निर्माण सम्पन्नको चरणमा रहेको बताउनुभयो ।

पुल निर्माणका लागि आवश्यक बजेट विनियोजन नहुँदा निर्धारित समयमा काम पूरा हुन नसकेको उहाँले बताउनुभयो । सडक निर्माण भए पनि पुल निर्माण सम्पन्न नहुँदा समस्या भएका पुलको निर्माण भइरहेको मन्त्री घिमिरेसमक्ष जानकारी गराउनुभएको थियो ।

महेन्द्र राजमार्गपछिको दोस्रो महत्वपूर्ण मानिएको हुलाकी राजमार्ग निर्माणका लागि दक्षिणी क्षेत्रका जनताले वर्षौंदेखि आवाज उठाइरहेका छन् । यो मार्ग निर्माण भएपछि महेन्द्र राजमार्गको भारमा कमी आउने र दक्षिणी क्षेत्रका जनताको जीवनस्तरमा पनि परिवर्तन आउने सुनसरी हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले बताउनुभयो । उहाँले यो मार्ग तराईको दक्षिणी क्षेत्रको जनताको उन्नतिको लागि महत्वपूर्ण मानिएको र यसको निर्माणसँगै बसाइँसराइमा पनि कमी आउने धारणा राख्नुभयो ।

# शिक्षक तथा विद्यार्थीलाई निःशुल्क सिम

काठमाडौं, २२ मङ्सिर (रासस)।

नेपाल टेलिकमले सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीलाई 'पाठशाला सियुजी सिम' योजना अन्तर्गत निःशुल्क सिमकार्ड वितरण जारी राखेको छ । कोरोना महामारीका समयमा अनलाइन माध्यमबाट पठनपाठन जारी राख्न टेलिकमले सिमकार्ड उपलब्ध गराइरहेको हो ।

टेलिकमका प्रवक्ता राजेश जोशीले सिममार्फत शिक्षा मन्त्रालयको कक्षा १ देखि १० सम्मको पाठ्यसामग्री रहेको वेबसाइट चलाउन ५ जिबी डाटा र एकैपटक धेरै सन्देश अर्थात् बल्क एसएमएससमेत पठाउन सकिने जानकारी दिनुभयो । उहाँले समुहमा आवद्ध सबै विद्यार्थी र शिक्षकले एकआपसमा असीमित कुराकानी गर्न समेत सुविधा रहेको बताउनुभयो ।

उहाँका अनुसार उक्त सुविधा प्रयोग गरेवापत मासिक रुपले लाग्ने शुल्क 'विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७' अनुसार स्थानीय निकायमार्फत सरकारले व्यहोर्ने छ । रु ९९ बराबरको शुल्कमा कक्षा १ देखि १२ सम्मका सरकारी वा सामुदायिक विद्यालयका हरेक विद्यार्थी र शिक्षकले एक थान निःशुल्क पाठशाला सिमकार्ड लिन सक्नेछन् ।

**कसरी सहभागी हुने**

टेलिकमले ल्याएको 'पाठशाला सियुजी सिम' योजनामा आबद्ध हुन कम्पनीको जिएसएम वा सिडिएमए प्रिपेड मोबाइल नम्बर आवश्यक पर्दछ । विद्यार्थी र शिक्षकले चाहेमा पहिलेदेखि नै प्रयोग गरिएको प्रिपेड सिमकार्डलाई योजनामा आबद्ध गर्न सकिने जनाइएको छ । प्रिपेड सिमकार्ड नहुनेका लागि निःशुल्क रुपमा नयाँ प्रिपेड सिमकार्ड लिन सक्नेछन् ।

सिमकार्ड लिन शिक्षक तथा विद्यार्थीले कम्पनीले निर्धारण गरेको प्रिपेड मोबाइलको आवेदन फाराम भरी सम्बन्धित सार्वजनिक विद्यालयमा बुझाउनु पर्नेछ । यसरी आवेदन फारामको साथमा विद्यार्थीको परिचयपत्रको प्रतिलिपी, विद्यार्थीको नागरिकताको प्रतिलिपि वा नागरिकता नबनेको भएमा अभिभावकको नागरिकताको प्रतिलिपि संलग्न गर्नुका साथै आवेदन फारामको निर्धारित स्थानमा एक प्रति फोटो टाँसिएको हुनुपर्नेछ । विद्यार्थीले सिमकार्ड उनीहरुकै वा अभिभावकको नाममा समेत लिन सक्नेछन् ।

विद्यालयले उक्त योजनामा आवद्ध हुने सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावकको मोबाइल नम्बर र नामसहित स्थानीय तहको सिफारिसका आधारमा नजिकको टेलिकम कार्यालयमा सम्पर्क गरी सो वापत लाग्ने शुल्क भुक्तानी गर्नुपर्दछ । उक्त अवधि सकिए पनि निःशुल्क रुपमा प्रयोग गरिएको सिम अन्य प्रयोगकर्ता सरह नै निरन्तर प्रयोग गर्न सकिने प्रवक्ता जोशीले जानकारी दिनुभयो ।

## नेपाल इयूको ...

गरियो ।

सो सन्दर्भमा नागरिक उड्डयनमन्त्री भट्टराईले त्रिभुवन विमानस्थलको टर्मिनल भवन परिसरमा नेपालको राष्ट्रिय झण्डा र आइकाओको झण्डोत्तोलन गर्नुभयो ।

मन्त्रालय र क्यानले आयोजना गरेको उक्त कार्यक्रममा मन्त्रालयका सचिव यादवप्रसाद कोइरालालगायत मन्त्रालय, क्यान, विमानस्थल र नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का कर्मचारी, निजी क्षेत्रका वायुसेवा प्रदायक कम्पनीका प्रतिनिधि एवं पर्यटन व्यवसायीको सहभागिता थियो । कोभिड-१९ महामारीका कारण यस वर्ष विगतमा झैं बिहान प्रभातफेरी आयोजना गरिएन । स्वास्थ्य मापदण्ड पालना गर्दै सामाजिक दूरी कायम गरेर सीमित सङ्ख्याको उपस्थितिमा औपचारिक कार्यक्रम गरिएको हो ।

सन् १९०३ डिसेम्बर ७ तारिखका दिन अमेरिकी राइट ब्रदर्सले पहिलोपटक हवाई जहाज उडाएको सम्झनामा यो दिवस मनाइने गरिन्छ । सन् १९९४ मा अन्तरराष्ट्रिय नागरिक उड्डयन संस्थाको ५०औं वार्षिकोत्सवका अवसरमा दिवस मनाउन शुरु गरिएको हो । पछि संयुक्त राष्ट्र सङ्घ महासभाले पनि डिसेम्बर ७ लाई अन्तरराष्ट्रिय नागरिक उड्डयन दिवसका रुपमा मान्यता दिएको थियो । सन् १९५७ मा नेपालमा क्यान स्थापना भएको हो ।

# खेतमा पराल जलाउँदा उर्वराशक्ति नष्ट हुँदै

वीरगञ्ज, २२ मङ्सिर (रासस)।

केही वर्षयता पर्सा बारालगायत तराईका जिल्लामा किसानले 'कम्बाइण्ड हार्वेष्टर मेशिन' लगाएर धान गहुँ काटेर खेतमै चुट्ने तथा परालमा आगो लगाउने प्रवृत्तिका कारण जमीनको उर्वराशक्ति नष्ट भई उत्पादन क्षमतामा ह्रास आउन थालेको छ ।

किसानले मजदूर नपाउनु, समयको बचत हुन्छ भनेर कम्बाइण्ड हार्वेष्टर मेशिनको व्यापक प्रयोग गरेर धान गहुँ काट्ने तथा खेतमै पराल छाडी त्यसमा आगो लगाउने गरेकाले वातावरणमा प्रदूषण फैलिनु, माटोको उर्वराशक्ति नष्ट हुनु तथा माटोमा रहेको चिस्यानसमेत नष्ट भएर गएपछि अन्य बालीसमेत लगाउन समस्या हुने गरेको कृषि औजार अनुसन्धान केन्द्रले जनाएको छ ।

वरिष्ठ वैज्ञानिक तथा केन्द्र प्रमुख सचीनकुमार मिश्रले भन्नुभयो, "तराईका जिल्लामा विगत पाँच/छ वर्षदेखि किसानले धान, गहुँलगायतका बाली काट्दा कम्पाइण्ड हार्वेष्टर मेसिन खेतमै लग्ने गरेको र खेतमै धान, गहुँ चुट्ने र खेतमै परालमा आगो लगाउने गरेकाले यसले गर्दा माटोको उर्वराशक्ति छिन्न हुनु, उर्वराशक्ति बढाउने जीवाणु नष्ट हुनु, माटोमा रहेको चिस्यानसमेत नष्ट भएर जाने भएकाले यसको प्रभाव अर्कोपटक लगाउने बालीमा पर्ने गरेको छ ।"

नेपालमा पहिलोपटक कम्बाइण्ड हार्वेष्टर मेशिनको प्रयोग पर्साको कौवावनकटैयाका किसान काशिम अन्सारीले गर्नुभएको थियो । सो मेशिनको प्रयोग गरी धान र गहुँ बाली काट्दा समय र पैसाको समेत बचत हुने भएपछि यसको देखासिकी गरी अन्य किसानले पनि यो मेशिनको प्रयोग गर्न थालेका छन् । पर्सा र बारामा यो मेशिनको सङ्ख्या ३०० को हाराहारीमा छ ।

धान गहुँको अवशेष व्यवस्थापन गर्न किसानले राउण्ड बेलर मेशिनको प्रयोग गरी परालको बण्डल, गाईबस्तुलाई खुवाउन सकिने, पेपर मिललाई बेचेर आर्थिक लाभ लिन सकिने, भुस बनाउन सकिने र यसलाई बेचेर थप आर्थिक लाभ लिन सकिन्छ । पर्सा, बारामा ६० प्रतिशत किसानले खेतमै पराल जलाउने गरेकाले सरकारले धान, गहुँको अवशेष व्यवस्थापनमा ध्यान दिनुपर्ने माग गरिएको छ ।

सो कार्यालयले गरेको अनुसन्धानबाट धानभन्दा गहुँ काट्ने बेलरको प्रभावकारिता बढी फाइदाजनक रहेको देखिएको छ । सो कार्यालयले कसरी धान, गहुँको अवशेषको व्यवस्थापन गर्न सकिन्छ । सोबारेमा अध्ययन गरिरहेको बताइएको छ । सो कार्यालयले मेशिनबाट धान, गहुँ, उखुलगायतका बाली रोप्ने तथा काट्ने यन्त्रसमेत प्रयोगमा ल्याई सकिएको छ ।

भारतको सर्वोच्च अदालतले किसानले पराल खेतमा नजलाउनमा रोक लगाए जस्तै नेपाल सरकारले पनि आफ्ना किसानलाई खेतमा पराल जलाउन रोक लगाउनु तथा यसको व्यवस्थापनको व्यवस्था मिलाउनुपर्ने माग पर्साका किसानको छ ।

## विश्व समाचार

# चिनियाँ खोप निर्मातालाई ५० करोड डलर सरकारी अनुदान

बेइजिङ, २२ मंसिर (रासस-सिन्ह्वा)।

चीनको औषधि निर्माता कम्पनी सिनोभ्याक बायोटेकलाई कोरोनाभाइरस विरुद्धको खोप उत्पादनमा सघाउन चीन सरकारले झण्डै ५० करोड अमेरिकी डलर थप अनुदान उपलब्ध गराएको छ । सरकारी विवरण अनुसार चीनले कोरोनाभाइरसलाई नियन्त्रणमा लिइसकेको छ । हाल देशभर २८१ जना मात्र सक्रिय संक्रमित छन् ।

तर चीनले खोप निर्माण गरी विश्वलाई नै सार्वजनिक वस्तुको रुपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । कोरोनाभाइरस फैलाएको दोषबाट मुक्त हुन पनि चीनले खोपमा लगानी बढाएको विश्वास गरिएको छ । हङकङमा मेडिकल अनुसन्धान फर्मका रुपमा सूचीकृत सिनो बायोफर्मास्यूटिकल लिमिटेडले सोमबार एक विज्ञप्ती प्रकाशन गरी कोरोनाभ्याकको विकास र उत्पादनका लागि कम्पनीले ५१ करोड ५० लाख लगानी गर्ने घोषणा गरेको छ । सिनोभ्याकको यो सर्वाधिक उच्चस्तरको खोप हो । चीनकै अग्रणी खोप निर्माता सिनोभ्याकले कोरोनाभ्याकको विकास, क्षमता विस्तार र उत्पादनका लागि चीन सरकारबाट प्राप्त हुने रकम खर्च गरिने जनाएको छ । सिनोभ्याकले यसै वर्षको अन्त्यसम्ममा ६० करोड डोज कोरोनाभ्याक उत्पादन गर्न सक्षम हुने जनाएको छ । सम्झौता बमोजिम सिनो बायोफर्मास्यूटिकलले सिनोभ्याकमा १५ प्रतिशत शेयर प्राप्त गर्नेछ ।

चिनियाँ खोपलाई व्यापक वितरणका लागि नियामक निकायहरुबाट अनुमति प्राप्त गर्न बाँकी रहे पनि चीन सरकारले आपतकालीन प्रयोगका लागि यो खोपलाई स्वीकृति प्रदान गरिसकेको छ । जुलाई यता मात्र ठूलो संख्याका सरकारी कर्मचारीदेखि विदेशी विद्यार्थीहरुले यो खोप लगाइसकेका छन् । कोरोनाभ्याक खोप ब्राजिल समेतका धेरै देशमा परीक्षण भइरहेको छ । गत नोभेम्बरमा खोप दिइएका एक व्यक्तिमा स्वास्थ्य समस्या उत्पन्न भएपछि केही कठिनाइ व्यहोरेको सिनोभ्याकले तेस्रो तथा अन्तिम चरणको खोप परीक्षण पुनः शुरु गरिसकेको छ ।

सिनोभ्याकका प्रमुख कार्यकारी यिन वाइदोङले एसिया र दक्षिण अमेरिकी मुलुकहरुमा जारी क्लिनिकल परीक्षण अन्तिम चरणमा प्रवेश गरेको बताउनु भएको छ । कम्पनीले यसअघि आफ्ना सबै कर्मचारी र उनीहरुका परिवारका सदस्यहरुले खोप लगाइसकेको जनाएको थियो । चीनको अर्को भ्याक्सिन निर्माता सिनोफार्मले गत नोभेम्बरमा करिब १० लाख मानिसले आफ्नो खोप परीक्षणमा सहभागिता जनाएको बताएको थियो । गत साता खोप स्वीकृत गर्ने पश्चिमा मुलुकहरुमा बेलायत पहिलो राष्ट्र भइसकेको छ ।

# अफगानिस्तानका दुई प्रान्तमा सुरक्षा कारबाहीमा २८ तालिबानीको मृत्यु

काबुल, २२ मङ्सिर (रासस/एएनआई)।

अफगानिस्तानको पश्चिमी प्रान्त उरुजगान र कान्दाहारमा अफगानिस्तानको सुरक्षा निकायले गरेको कारबाहीमा परेर २८ जना तालिबानी मारिएका छन् । उरुज्गान र कान्दाहार प्रान्तमा अफगानिस्तानको सेनाले हवाई तथा स्थल मार्गबाट कारबाही गरेको थियो ।

उरुजगानको ओबे जिल्लामा अफगान सुरक्षाबलले गरेको सुरक्षा कारबाहीमा परी ती तालिाबानी लडाकू मारिएका बताइएको छ । ओबे जिल्लामा रहेको एक प्रहरी चौकीमा बुधबार अपराह्न तालिबानी लडाकू समूहले आक्रमण गरेका थिए । उक्त आक्रमणपछि सुरक्षाबलले गरेको कारबाहीमा तालिबानी समूहका लडाकू मारिएका हुन् । अफगानिस्तानको रक्षा मन्त्रालयले शनिबार ती लडाकूहरु मारिएका आइतबार जानकारी गराएको छ ।

कारबाहीको क्रममा सुरक्षाबलले युद्धविमान समेत प्रयोग गरेको जनाइएको छ । कारबाहीको क्रममा एक दर्जनभन्दा बढी लडाकू घाइते भएका जनाइएको छ । यस कारबाहीको क्रममा सुरक्षाबलतर्फ भने कुनै हताहत नभएको र यस क्षेत्रमा तालिबानविरुद्धको कारबाही भने जारी रहेको बताइएको छ ।

कान्दाहार प्रान्तको मारोफ जेराई भन्ने जिल्लामा पछिल्ला केही दिनहरुमा तालिबानहरुले हिंसात्मक क्रियाकलाप गरिरहेका छन् । सो सूचनाको आधारमा अफगान सुरक्षा फौजले सो कारबाही गरेको हो । उक्त जिल्लामा सक्रिय रहेका तालिबान लडाकू समूहले यस कारबाहीको विषयमा कुनै टिप्पणी गरेको छैनन् ।

# ब्राजिलमा कोरोना भाइरस संक्रमितको संख्या ६६ लाख नाघ्यो

ब्रासिलिया, २२ मङ्सिर (रासस/सिन्ह्वा)।

दक्षिण अमेरिकी मुलुक ब्राजिलमा कोरोना भाइरसको संक्रमण पछिल्लो समयमा झन धेरै बढ्दो मात्रामा देखिएको बताइएको छ । ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला दिनहरुमा यहाँका संक्रमितहरु बढेसँगै यहाँका संक्रमितको संख्या पनि ६६ लाखभन्दा बढी पुगेको बताइएको छ ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार आइतबारसम्मको तथ्यांकमा यहाँ संक्रमितहरुको संख्या ६६ लाख नाघेको हो । ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो चौबीस घण्टामा मात्र २६ हजार ६६३ जना संक्रमित थपिएका छन् । यस अवधिमा यहाँका ३१३ जनाको मृत्यु पनि भएको छ । ब्राजिलमा हालसम्म भएका मृत्युहरुमा यसलाई धेरै जनाको मृत्युका रुपमा लिइएको छ ।

कोरोनाभाइरसबाट विश्वमै ब्राजिल दोस्रो सर्वाधिक असर परेको मुलुक हो । मृत्यु संख्याका दृष्टिबाट संयुक्तराज्य अमेरिकामा हालसम्म सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार यहाँ यस भाइरसबाट ज्यान जानेको संख्या १ लाख ७६ हजारभन्दा बढी पुगेको छ । सो मन्त्रालयले यहाँ कोरोना भाइरसको संक्रमणबाट १ लाख ७६ हजार ९४१ जनाको मृत्यु भइसकेको जनाएको छ । यहाँका ५८ लाख जना नागरिक भने निको भएका छन् ।

# तिलाठीमा बाल बजेट विश्लेषण तथा पैरबी सम्बन्धी बैठक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा सोमबार बाल बजेट बिश्लेषण तथा पैरबी सम्बन्धी बैठक सम्पन्न भएको छ ।

गाउँपालिकास्थित पालिकाको सभा हलमा सेभ द सप्तरीको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सो बैठक सम्पन्न भएको हो ।

बैठकमा तिलाठी कोईलाडी गाउँपालिकाले बालबालिका तथा किशोर कशोरीहरूका लागि पालिकाहरूले छुटयाएको बजेट सम्बन्धी विश्लेषण बारेमा छलफल गरिएको छ ।

तिलाठी कोईलाडी गाउपालिकाले गत बर्ष र चालु आर्थिक बर्षमा बालवालिकाहरूका लागी कुन कुन क्षेत्रमा कस्तो प्रकारको बजेट छुटयाईएको छ कि छैन, बजेटमा समानता रूपमा भएको छ कि छैन, लैंगिक मैत्री छ कि छैन, बारेमा छलफल गरिएको किशोर किशोरी कार्यक्रम संयोजक कान्ति खडकाले बताईन ।

उनले पालिकाहरूले आउने दिनमा बालवालिका तथा किशोरकिशोरीहरूमा लगानी बढाउने उद्देश्यले कार्यक्रमको आयोजना गर्दै आएको बताईन ।

सो विश्लेषण गोष्ठीमा तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष सतिश कुमार सिँहले बालबालिका र किशोर किशोरीहरूको आवश्यकता र समानता मूलक बजेट छुटयाएर कार्यक्रम संचालन गर्दै आएको बताए ।

उनले बालबालिका र किशोर किशोरीको स्वास्थ, शिक्षा, समाजिक क्षेत्रमा बजेट छुटयाएर कार्यक्रम संचालन गर्दै आएको बताए ।

सो छलफलममा लेखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय सदस्यमा समाजिक बिकास शाखा, स्वास्थ, शिक्षा र सेभ द सप्तरीका प्रतिनिधि रहने गरी बजेट विश्लेषण समिति बनाएर एक हप्ता भित्र प्रतिवेदन तयार गर्ने उद्देश्य रहेको सेभ द सप्तरीका फिल्ड अफिसर ललिता मण्डलले बताईन ।

उक्त गोष्ठीमा तिलाठी कोईलाडी गाउँपालिका उपाध्यक्ष सुचिता यादब, प्रमुख प्रशासकिय अधिकृत केशव झा, स्वास्थ शाखा प्रमुख शैलेश झा, सह लेखापाल लिलाराज श्रेष्ठ, बिपत ब्यबस्थापन कार्यक्रम अधिकृत राजेश झा, नासु किशोर कुमार झा, पत्रकार चन्दनकुमार यादब, सेभ द सप्तरीका फिल्ड सुपरभाईजर राजिव चौधरी लगायतको उपस्थिति रहेको थियो ।

# लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण




**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी सोमबार राजविराजमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत मूल समारोह समितिको आयोजना र समग्र जनउत्थान केन्द्रको संयोजनमा राजविराज नगरपालिका-६ पूर्णी पोखरीस्थित बहिरा बालक स्कूलमा अभिमुखिकरण कार्यक्रम भएको हो ।

कार्यक्रममा मूल समारोह समितिका संयोजक मनोहर पोखरेलले लैङ्गिक हिंसाबाट पीडितले न्याय प्राप्त गरेको अनुभूति गर्न र आत्मसम्मानका साथ मानव अधिकारको सुनिश्चितता भएको महशुस गर्न अत्यावश्यक रहेको बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरिक्षक भुवनेश्वरप्रसाद साहले पीडकलाई दण्ड सजाय र पीडितको चाहनाअनुरूपको न्याय प्राप्त गरेको अनुभूति गर्ने वातावरण सृजना गर्न प्रहरीले भूमिका खेल्दै आएको बताए ।

जेष्ठ नागरिक चन्द्रशेखर साफीको अध्यक्षतामा भएको कार्यक्रममा समग्र जनउत्थान केन्द्रकी सहजकर्ता सुष्मा गुप्ता, क्रेस नेपालका अध्यक्ष उपेन्द्र साह, स्थानीय शत्रुघ्न साह, युवा सञ्जालकी संयोजक सुनीता साह, हुर्क नेपालकी कार्यक्रम संयोजक रिया राय सञ्चेतीलगायतले महिला हिंसा न्युनिकरण बारे सुझाव दिएका थिए ।






# जेसीजद्वारा रक्तदान सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

जेसीज सप्ताह अन्तर्गत सोमबार राजविराज जेसीजले राजविराजमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

रक्तदान कार्यक्रममा राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवाल, पूर्व अध्यक्ष मनोहर पोखरेल, कार्यक्रम संयोजक रबीकुमार राय, कानुनी सल्लाहकार राजेश मण्डल, शाखा सम्पादक, सुनितकुमार मुन्नालगायतले रक्तदान गरेका थिए ।

यसैगरी स्वयमसेवी रक्तदाता पंकजकुमार सरकार, पत्रकार पिन्टुकुमार यादव, गायत्री दाहाल, भोली मेहतर राउत, दयानन्द अमात्य, उपेन्द्रकुमार राय, पंकज अमात्य, टोपेन्द्रकुमार रायले रक्तदान गरेका थिए ।

कोभिड-१९ को महामारीका बेला रगतको अभाव भई विरामीहरुलाई समस्या भइरहेका बेला जेसीजले रक्तदान गरेर सही समयमा सही काम गरेको रक्तसञ्चार केन्द्रका इन्चार्ज नबिन झाले बताए ।

अध्यक्ष नानीमैया कटवालको अध्यक्षता एवम् सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष शंकर शारदा, पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष तथा २०२० का राष्ट्रिय अध्यक्षका उम्मेदवार रबीन पोखरेल, नुवाकोट जेसीजका अध्यक्ष श्रीकृष्ण आचार्यलगायतले मन्तव्य राखेका थिए ।

उक्त अवसरमा राजविराज जेसीजका अध्यक्ष कटवालले गम्छा लगाई दिएर पोखरेल र आचार्यलाई सम्मानका साथै एकआपसमा मायाको चिनो आदानप्रदान गरेका थिए ।






**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*